# संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा

काठमाण्डौं, नेपाल

प.सं. मिति :

## प्रेस विज्ञप्ति

मिति : पौष ११, २०६४

हामी सफल, सार्थक परिणाममुखी संविधान सभाका लागि आन्दोलनरत निम्न सात राजनितिक संगठनहरुबीच पुष ९ र १० गते भएको शिर्षस्थ नेताहरुको बैठकद्धारा गरिएको निर्णय निम्नानुसार छन् ।

१. केन्द्रिकृत एकात्मक राज्य प्रणाली अन्तर्गत २३९ वर्ष देखि मधेशी आदिवासी जनजाति, दलित, महिला, अल्पसंख्यक धार्मिक समुदाय, दुर्गम क्षेत्र र अपाङ्ग माथि राज्यद्धारा कायम गरिएको आन्तरिक औपनिवेशिक नीति, राजतन्त्रको समुल अन्त्य गरी संघीय लोकतान्तिक गणतन्त्रात्मक शासन प्रणाली, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, राज्यको सम्पूर्ण निकाय र तहमा मधेसी, आदिवासी, जनजाति, दलित, महिला लगायत सबै जाति, भाषा-भाषीं, विभिन्न सामाजिक, सास्कृतिक समुदायहरुलाई विना भेदभाव जनसंख्याका आधारमा मसेशको नीति निर्माण, शासन प्रशासन साथै विकास निर्माणका लागि गरिने साधन श्रोतको पहुँच आदिमा समानुपातिक प्रतिनिधित्व एवं साझेदारीको व्यवस्थाका साथै जाति, धर्म, भाषा, संस्कृति, क्षेत्र, लिङ्ग, वर्ग आदिका आधारमा गरिने सम्पूर्ण भेदभाव र विभेदको अन्त्य गरिनु पर्दछ । देशको कुल जनसंख्याको दुई तिहाई संख्या रहेको मेधसी, आदीवासी जनजाती दलितहरुलाई राष्ट्र र राज्यको मुलधार र संविधान सभामा पुऱ्याउने महान दायित्व हाम्रो काँधमा आएको छ ।

ने.क.पा. माओवादीको १२ वर्षे जनयुद्ध र ०६२–६३ सालको १९ दिने प्रतिगमन विरोधी महान ऐतिहासिक जनआन्दोलन, मधेशी जनअधिकार फोरमको माघे, मधेश आन्दोलन, लिम्बुवान, खम्बुवान, तामाङ्सालिङ्ग, संयुक्त थारु राष्ट्रिय मोर्चा, मधेशी लोकतान्त्रिक मोर्चा, लोकतान्त्रिक मधेशी मोर्चा, दलित जनजाति पार्टीको संयुक्त राष्ट्रिय मुक्ति आन्दोलनको मर्म, भावना र जनादेश सफल सार्थक र परिणाममुखी संविधान सभाको निर्वाचन गरी आत्म निर्णयको अधिकार र स्वायत्त संघिय शासनको आधारमा राज्यको पुनः संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरी समानता, स्वतन्त्रता र सामाजिक न्यायका सिद्धान्तमा आधारीत समतामुलक, समुन्नत, समृद्ध नयाँ नेपाल बनाउनु परेको छ ।

एकात्मक शासन प्रणालीले उत्पन्न गरेको समस्या, भाषा र संस्कृतिलाई लोप गराउने र सिमान्तकृत गराउने षडयन्त्र, नियत र व्यवहार, रैथाने धरतीपुत्र भएर पनि नागरिकता विहिन, राज्य विहीन अर्थात राष्ट्रियता विहीन वनाइएको समस्या जस्ता अनेकौ समस्या अहिले सहमती भएको मिश्रित निर्वाचन प्रणालीका आधारमा गरिने संविधान सभाको निर्वाचनले सम्बोधन गर्न नसक्ने भएकाले मुलुक पुनः अर्को किसिमको अशान्ती र अस्थिरतामा फस्दछ र चैत्रमा मसान्त पनि सफल चुनाव हुन नसक्ने ठहर गर्दछौ ।

२. यही पुष ९ गते सात दलद्धारा संसदमा पेश गरिएको अन्तरीम संविधानको तेस्रो संशोधनको प्रस्तावले पनि हामी आन्दोलनरत राजनीतिक संगठनको मागहरु सम्बोधन गरेको छैन । यस्तो अधुरो, अपुरो र अस्पस्ट प्रस्तावले संविधान सभाको लक्ष्य जातिय, वर्गिय, क्षेत्रिय, लैगिक विभेद अन्त्य गर्दै मुलुकमा स्थायी

प.सं. मिति :

शान्ति र स्थायित्व प्राप्त गर्न सक्दैन । २०४७ सालको संविधानमा प्रतिनिधि सभा निर्वाचन प्रयोजनको लागि बनाइएको गैर समावेशी, अवैज्ञानिक, असमान जनसंख्याको आधारमा रहेको २४० मा पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष निर्वाचन हुने प्रणाली यथावत राखिएको छ जुन खारेज हुनु पर्दछ । सानो आकारको मधेसी, आदिवासी, जनजाति, दलित, महिला तथा अल्पसंख्यक धार्मिक समुदाय लगायत सबै क्षेत्र, वर्ग, पेशा, जाति, भाषा भाषी एवं सामाजिक तथा सांस्कृतिक समुदायका आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी पूर्ण समानुपातिक निर्वाचन प्रणालीको आधारमा संविधान सभाको निर्वाचन गराइनु पर्दछ ।

यस्ता सातदलिय गठबन्धनको पाश्चगामी, यथास्थितीवादी चिन्तन सर्वसत्तावादी सोच र असफल र निरर्थक संविधान सभाको निर्वाचन चैत्र मसान्तमा गर्ने षडयन्त्रमूलक, निर्णय र नियत नै मुलुकको राजनीतिक गतिरोध यथावत कायम रहनु हो । यस्ता एकात्मक, एकाङ्की सर्वसत्तावादी, वैइमानी, लोकतन्त्र र राष्ट्रघाती सहमतीको हाम्रो वेठकले निन्दा गर्दै घोर भर्त्सना गर्दछ । तसर्थ यो अन्तरीम सरकारलाई कुनै पनि राज्य संचालनको काम कारवाही र संविधान सभाको निर्वाचन गराउने राजनैतिक र संवैधानिक अधिकार छैन ।

सात दलित अन्तरिम सरकारको नेतृत्व, अन्तरिम व्यवस्थापिका-संसद बारम्बार असफल भएको छ र राजनैतिक, संवैधानिक र नैतिक आधार पनि समाप्त भएकोले खारेज गरी बृहत राष्ट्रिय राजनीतिक सम्मेलन गरी मुलुकको गतिरोध अन्त्य गर्दै, सार्थक, सफल संविधान सभाको निर्वाचन गराउनु परेको छ । नेपाललाई पुनः असफल, अशान्ती र मुडभेडको बाटोमा जानुबाट रोक्नु परेको छ ।

३. २०६४ साल मंसिर ५ गते सम्माननीय प्रधानमन्त्रीज्यूलाई हामी आन्दोलनरत संघिय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालको तर्फवाट सफल, सार्थक र परिणाममुखी संविधान सभाका लागि सात दिने अल्टीमेटम सहित राजनीतिक गतिरोध अन्त्यका लागि ५ बुँदे माग सहितको ज्ञापन पत्र बालुवाटारमा बुझाएका थियौं । परन्त पुनः सात दलित गठबन्धन, अन्तरिम सरकार र संसदको गैर जवाफदेहिता, असम्बेदनशिलता, वदनियत र प्रतिगामी सोच र सहमतिले मुलुकलाई पुनः अर्को द्वन्द्व र आन्दोलनमा जाने विकल्प मात्र बाँकी रहन्छ ।

प्रतिगमनकारी, प्रतिक्रियावादी, लोकतन्त्रविरोधी, संविधान सभा विरोधी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुको षडयन्त्र र चलखेल हुन सक्ने सम्भावनाबाट सचेत एवं सतर्क रहँदै समस्याको ठोस राजनीतिक समाधान नभए सम्म मानव अधिकारको सम्मान गर्दै शान्तिपूर्ण एवं लोकतान्त्रिक, अनुशाषित भई साम्प्रदायिक, धार्मिक दंगा, हिंसा, तोडफोड, आगजनी आदि अप्रिय घटनाहरु हुन नदिन दोस्रो चरणको कार्यक्रम अन्तत्तोगत्व आन्दोलनको घोषणा गर्न वाध्य भएका छौं । तथापी हामी असहज परिस्थितीको निकास सम्वाद र सहमतिवाटै खोज्ने पक्षमा सधैं रही आएका छौं ।

४. संघिय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालले निम्नानुसारको मिति र स्थानमा अगुवा कार्यकर्ता संलग्न गर्ने निर्णय गरेको छ ।

१. सुनसरी देखि पूर्वको जिल्लाहरुमा पुष १४-१५, दमक, झापा ।
२. चितवन, मकवानपुर लगायत तामाङ्सालिङ क्षेत्रमा पुष १८-१९, काठमाडौं ।

# संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा

## काठमाण्डौं, नेपाल

प.सं.

मिति :

३. नवलपरासी देखि कञ्चनपुर सम्म पुष २५-२६, दाङ्ग, देउखुरी ।

४. पर्सादेखि सप्तरी सम्म, पुष २९-३०, जनकपुरधाम ।

५. पुष २३ गते काठमाडौंको माइतीघर मण्डला सहित प्रत्येक जिल्लाको सदरमुकाम लगायत प्रमुख स्थानहरुमा मधेसी आदीवासी, जनजाति, दलित, महिला, अल्पसंख्याक धार्मिक समुदायका हक अधिकार, मानव अधिकार, नागरिक अधिकार, प्रेस स्वतन्त्रता, असफल र निरर्थक संविधान समाको लागि व्यवस्था गरिएको अन्तरिम संविधान ऐन कानुन, विधेयकका धारा, उपधारा र प्रावधान र नियमावलीहरु दहन गर्ने ।

**<u>आन्दोलनरत संघिय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालका संगठनहरु :</u>**

१. संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च नेपाल, अध्यक्ष : कमल छाराहाङ्ग

क) संघिय लिम्बुवान राज्यपरिषद नेपाल, महासचिवः मिसेकहाङ्ग थाम्सुहाङ्ग

ख) तामाङसालिङ स्वायत्त राज्य परिषद, अध्यक्ष : डी. के. बुद्धिष्ट लामो

२) मधेशी जनअधिकार फोरम, नेपाल, अध्यक्षः भाग्यनाथ प्र. गुप्ता

३) संयुक्त थारु राष्ट्रिय मोर्चा नेपाल, अध्यक्ष : लक्ष्मण थारु

४) दलित जनजाति पार्टी, अध्यक्ष : विसेन्द्र पासवान

५) मधेशी लोकतान्त्रिक मोर्चा, अध्यक्ष : हृदय नारायण चौधरी

६) लोकतान्त्रिक मधेसी मोर्चा, अध्यक्ष : ब्रम्हानन्द उपाध्याय